# प्राथमिक तथा माध्यमिक विद्यार्थीहरुको लागि लिखित रिपोर्टहरु

## पृष्ठभूमी

बावुआमा/स्याहारकर्ता /अभिभावकको हैसियतले प्रत्येक वर्ष तपाईले दुईवटा लिखित रिपोर्टहरु (प्रतिवेदन) प्राप्त गर्नुहुनेछ । तपाईको बच्चाको प्रगति कसरी भइरहेछ र विद्यालयहरुले तपाईको बच्चाको विकासमा कसरी सहयोग गर्छ भनी बुझ्न यी रिपोर्टहरुले तपाईलाई मद्धत गर्नेछ ।

अष्ट्रेलियन पाठ्यक्रम (Australian Curriculum) प्रयोग गरी शिक्षकहरुले योजना बनाउने, सिकाउने, मुल्याङ्कन गर्ने र विद्यार्थीहरुको सिकाइ बारे जानकारी गराउँछन् । भर्खरका सवै अष्ट्रेलियनहरुलाई के सिकाउनु पर्छ र उनीहरुले के जान्नुपर्छ साथै विद्यालयमा पढ्दै जाँदा के गर्न सक्छन् भन्नको लागि अष्ट्रेलियन पाठ्यक्रमले उच्च मापदण्डहरु तोक्ने गर्छ ।

प्रत्येक सिकाइ  क्षेत्रका  उपलब्धी मापदण्डहरु (Achievement Standards) छन् । यी मापदण्डहरुले हरेक कक्षाको अन्त्यमा विद्यार्थीहरुले सामान्यतया के जान्नुपर्छ, बुझ्नुपर्छ र गर्न सक्नुपर्छ भनी सरल भाषामा बताउँछ ।

मापदण्डहरु मार्फत हरेक विषय सम्बन्धित क्षेत्र र कक्षा बारे, र विद्यार्थीहरुले कहिले ती मापदण्डहरु पूरा गर्ने अपेक्षा गरेका छन् भनी अष्ट्रेलियन पाठ्यक्रमको वेबसाइट: www.australiancurriculum.edu.au  मा पढ्न, तपाईलाई प्रोत्साहित  गरिन्छ । वेबसाइटमा विद्यार्थीद्धारा फरक तहहरुमा हाँसिल गरिने उपलब्धी कार्यको उपयोगी उदाहरणहरु पनि समावेश गरिएका छन् ।

## विद्यार्थी रिपोर्टहरुको लागि के आवश्यकताहरु छन् ?

लिखित रिपोर्टहरु भनेको तपाईको बच्चाले विद्यालयमा कसरी प्रगति गरिरहेछन् भन्ने बारे विद्यालयहरुले तपाईसङ्ग गरिने संवादको एउटा तरिका हो ।

साउथ अष्ट्रेलियामा भएका सवै विद्यालयहरुले बावुआमा र स्याहारकर्ताहरुलाई हरेक बर्ष दुइवटा लिखित रिपोर्टहरु दिन्छन् ताकि:

- उनीहरुका बच्चाले पढेका सवै विषयहरुको खबर दिइन्छ
- पाँच अंके उपलब्धी स्केलमा आधारित हुन्छ
- सरल भाषा प्रयोग गरिन्छ
- बलियो क्षेत्रहरु र विकास गर्न आवश्यक पर्ने क्षेत्रहरुको पहिचान गरिन्छ ।

कक्षाहरु १-१० का विद्यार्थीहरुका रिपोर्टहरु ए-इ (A-E) उपलब्धी स्केलमा आधारित हुन्छन् जसलाई बुझ्न उपलब्धी मापदण्डको आधारमा उनीहरुको प्रगतिको अर्थ के हो भन्ने सम्वन्धित विवरणले सहयोग गर्छ ।

विद्यार्थीहरुको लागि दिइने रिपोर्टहरुमा वर्षभरिको प्रगति जनाउने विवरणात्मक शब्दहरु प्रयोग गरिन्छ । त्यस्ता प्रगतिको विवरण, उपलब्धी मापदण्ड प्राप्त गर्ने तहको सन्दर्भमा हुन्छ ।

## शिक्षकहरुले कसरी ग्रेड (दर्जा) छुट्याउँछन् ?

अष्ट्रेलियन पाठ्यक्रममा उल्लेखित उपलब्धी मापदण्डको सन्दर्भमा  विद्यार्थीले प्राप्त उपलब्धीको प्रमाण जुटाउन शिक्षकहरुले भिन्न दायराका मुल्याङ्कन रणनीतिहरु र साधनहरु प्रयोग गर्दछन् । विद्यार्थीले प्राप्त गरेको उपलब्धीलाई कुन ग्रेड  दिंदा सवैभन्दा मिल्दो हुन्छ भनी फैसला गर्न शिक्षकहरुले प्रमाणलाई आधार मानेर सन्तुलित निर्णय गर्छन् । शिक्षकहरुले उनीहरुका कक्षाभित्रै प्रत्येक ग्रेडमा निर्धारित संख्या छुट्याउने अपेक्षा भने गरिएको हुँदैन ।

## विद्यालयहरुले अन्य कस्ता ढाँचाहरुमा रिपोर्ट प्रदान गर्छन् ?

बावुआमा – शिक्षक बीच हुने अन्तर्वार्ता लगायत तपाईको बच्चाको सिकाइ बारे  विद्यालयहरुले तपाईसङ्ग विभिन्न तरिकाहरुले संवाद कायम राख्छन् । अन्य समयमा विद्यालयमा सम्पर्क गरेर तपाईको बच्चाको शिक्षकसङ्ग पारस्परिक अनुकुल समयमा भेट्नको लागि तपाईले अनुरोध गर्न सक्नुहुन्छ ।



Government of South Australia
Department for Education and Child Development

## ए-इ (A-E) ग्रेड्सको अर्थ के हो ?

अष्ट्रेलियन पाठ्यक्रमको उपलब्धी मापदण्डहरुको आधारमा शिक्षकहरुले विद्यार्थीहरुको उपलब्धीको जानकारी दिन ए-इ (A-E) ग्रेड्स वा समान शब्दावली प्रयोग गर्छन् । ग्रेड्सले न्युनतमदेखि उत्कृष्टसम्मको उपलब्धीको वर्णन गर्छ ।

निम्नलिखित टेबलले प्रत्येक ग्रेडलाई शब्दहरुमा बताउँछ ।

| | *उपलब्धी मापदण्डको सन्दर्भमा, तपाईको बच्चाले.....* |
|---|---|
| *A* | *यो कक्षामा अपेक्षा गरिए अनुरुप* ***उत्कृष्ट*** *उपलब्धी प्रदर्शन गरिरहेका छन् ।* |
| *B* | *यो कक्षामा अपेक्षा गरिए अनुरुप* ***राम्रो*** *उपलब्धी प्रदर्शन गरिरहेका छन् ।* |
| *C* | *यो कक्षामा अपेक्षा गरिए अनुरुप* ***सन्तोषजनक*** *उपलब्धी प्रदर्शन गरिरहेका छन् ।* |
| *D* | *यो कक्षामा अपेक्षा गरिए अनुरुप* ***आंशिक*** *उपलब्धी प्रदर्शन गरिरहेका छन् ।* |
| *E* | *यो कक्षामा अपेक्षा गरिए अनुरुप* ***न्युनतम*** *उपलब्धी प्रदर्शन गरिरहेका छन् ।* |

- 'ए' (A) ग्रेडले विद्यार्थीसङ्ग विषयमा पूरा ज्ञान र वुझाइ रहेको र अपरिचित अवस्थाहरुमा त्यो जानकारी उसले लागू गर्न सक्ने देखाउँछ ।
- सामान्यतया 'सी' (C) ग्रेडको अर्थ उनीहरुको सिकाइको त्यो क्षणमा अपेक्षा गरे अनुसार विद्यार्थीले उपलब्धी हाँसिल गरिरहेका छन्  भन्ने हो । उपलब्धी मापदण्डहरुमा उच्च अपेक्षाहरु राखिएको कारणले गर्दा यो पर्याप्त उपलब्धी हो ।
- 'इ' (E) ग्रेडको अर्थ विद्यार्थीले भर्खर उपलब्धी मापदण्डतिर काम सुरु गरिरहेछन् भन्ने हो ।

ए-इ (A-E) ग्रेड्स र साथै रहेको टिप्पणीहरु भनेको बुवाआमा /स्याहारकर्ता /अभिभावकलाई खबर गर्ने एक तरिका हो । रिपोर्टले निम्न जानकारी पनि उपलब्ध गराउन सक्छ:

- विद्यार्थीको बलियो पक्षहरु र विकास गर्नु पर्ने क्षेत्रहरु
- उनीहरुको प्रगतिको लागि सहयोग गर्ने रणनीतिहरु
- सिकाइप्रतिको धारणा र प्रतिबद्धता
- उनीहरुको सामाजिक विकास बारे जानकारी
- विद्यालय कार्यक्रमहरु र कृयाकलापहरुमा संलग्नता
- उपस्थिति

उनीहरुको समुदायसङ्ग परामर्श गरी विद्यालयमा आधारित रिपोर्टहरुको स्वरुप र सामाग्री बारे निर्णयहरु विद्यालयहरुले गर्दछन् ।

## के सवै विद्यार्थीको रिपोर्टहरुमा ए-इ ग्रेड्स समावेश गर्नुपर्छ ?

उपलब्धी मापदण्डको आधारमा केही विद्यार्थीहरुको प्रगति र उपलब्धीको खबर गरिनेछ जुन उनीहरुको हालको उपलब्धीसङ्ग सवैभन्दा मिल्दोजुल्दो हुनेछ । यो केही वा सवै सिकाइका क्षेत्रमा घट्न सक्छ । वैकल्पिकरुपमा उनीहरुको उपलब्धी, व्यक्तिगत सिकाइ योजनाका लक्षहरुको आधारमा खबर गर्न सकिन्छ । विद्यालयहरुले दुवै विद्यार्थीको सिकाइ कार्यक्रम र केही विद्यार्थीहरुको लागि उपयुत्त रिपोर्ट गर्ने व्यवस्था गर्नको लागि बुवाआमा /स्याहारकर्ता /अभिभावक साथसाथै उचित भएमा विद्यार्थी, र अन्य सम्वन्धित पेशा अपनाएका व्यक्तिहरुसङ्ग वार्ता गर्ने अपेक्षा गरिन्छ ।

अपाङ्गता भएका केही विद्यार्थीहरु र मूलधारका विद्यालयहरुमा भर्खरै आएका पढ्न योग्य विद्यार्थीहरुमा यो घट्न सक्छ । इन्टेन्सिभ इङ्गिलिश ल्याङ्गवेज प्रोग्राम/न्यु अराइभल्स प्रोग्राम (IELP/NAP) छाडेका विद्यार्थीहरुलाई कार्यक्रम छाडेको ६ टर्मसम्म ए-ई (A-E) ग्रेड्स नदिन सकिन्छ । IELP/NAP मा भएका विद्यार्थीहरुले ए-ई (A-E) ग्रेड्सको सट्टा उनीहरुको उपलब्धीहरु जनाउने वर्णनात्मक रिपोर्ट पाउँछन् ।



Government of South Australia
Department for Education and Child Development